गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**मिति २०८१।०८।२३ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को पाँचौं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१** गैंडाकोट नगरपालिकाका देहाय बमोजिमका कानूनहरु तर्जुमा तथा संशोधनका लागि विधायन समितिलाई जिम्मेवारी दिने तथा मिति २०८१/१०/०१ गते देखि सेवा प्रदान गर्नेगरी नागरिक सेवा केन्द्र स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१. गैंडाकोट नगरपालिकाको वन ऐन, २०८१
२. गैंडाकोट नगरपालिकाको हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधि ,२०८१
३. गैंडाकोट नगरपालिकाको नागरिक सेवाकेन्द्र संचालन सम्बन्धी कार्यविधि, २०८१
४. गैंडाकोट नगरपालिकाको घर नक्सा अभिलेखीकरण सम्बन्धी मापदण्ड, २०८१
५. गैंडाकोट नगरपालिकाको प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ संशोधन २०८१
६. गैंडाकोट नगरपालिकाको निशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८१

**निर्णय नं.२** गैंडाकोट नगरपालिकाको कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षण ( O&M) लाई समय सापेक्ष बनाई आगामी नगर सभामा पेश गर्नेगरी छलफलका लागि सुशासन/ विद्यायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३** आ.व. २०८०/०८१ सम्मको बेरुजुलाई नियमित गर्न आवश्यक प्रक्रिया पुरा गरी नियमित गर्नका लागि लेखा समिति मार्फत आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** रिक्त रहेका कृषि, भेटेरिनरी लगायत स्वास्थ्यका देहाय बमोजिमका करार पदहरूमा पदपूर्ति गर्नका लागि औचित्यताको आधारमा कार्यालयलाई बढी व्ययभार नपर्ने गरी मात्र पदपूर्ति गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

कृषि स्नातक प्राविधिक,छैटौं - १ जना
पशु चिकित्सक प्राविधिक,छैटौं - १ जना
हेल्थ असिष्टेन्ट,पाँचौं - ३ जना

**निर्णय नं. ५** हाल गैंडाकोट नगरपालिका वडा नं. १२ को कार्यालय हर्कपुरमा रहेको भेटेरिनरी सेवाकेन्द्रको सेवालाई अझ बढी प्रभावकारी बनाउनका लागि वडा नं. १० र ११ को संयुक्त वडा कार्यालय भवनको माथिल्लो तलाबाट सेवा प्रदान गर्न व्यवस्थापन मिलाउने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिकामा "उर्जा दक्ष तथा श्रोत प्रभावकारी भवन" सम्बन्धि मापदण्ड अबलम्बन गर्दै हाललाई उक्त मापदण्ड सरकारी भवनमा लागु गर्ने तथा अन्य भवनहरुको हकमा स्वैच्छिक रुपमा सम्बन्धित घरधनीले लागू गर्न सक्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ७** मिति २०८१/१०/०१ गते देखि गैंडाकोट स्वास्थ्य चौकी लाई आधारभूत अस्पतालको रुपमा सेवा प्रदान गर्नेगरी आवश्यक व्यवस्था मिलाउने साथै हाल संचालनमा रहेको गैंडाकोट स्वास्थ्य चौकीलाई नामकरण गरी "गैंडाकोट नगरपालिका, गैंडाकोट आधारभूत स्वास्थ्य अस्पताल, नवलपरासी(ब.सू.पू.)" कायम गर्ने निर्णय गरियो ।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. ८** अटो तथा इ–रिक्सा व्यवस्थापन निर्देशिका, २०८० बमोजिम रुट प्रमिट र जल यातायात सञ्चालन कार्यविधि, २०८० बमोजिम यस कार्यालयमा दर्ताका लागि आह्वान गर्न सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ९** नगरसभाबाट निर्णय भए बमोजिम आगलागी सम्बन्धी विपद जन्य घटना नियन्त्रणमा सहजताका लागि एक थान दमकल (4WD) खरिद गर्नका लागि कार्यालयलाई प्रक्रिया अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १०** JESI AUDIT को प्रक्रिया अगाडी बढाउन नगरपालिकालाई निर्देशन दिने र नपुग रकम आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११** सरोकारवालाहरु सँगको छलफल गरी स्थानीय बौद्धिकताको अधिकतम उपयोग गर्दै नगरको सम्पूर्ण विवरण सहितको डिजिटल नगर प्रोफाइल निर्माणका लागि फरक फरक जिम्मेवारी बाँडफाँड गरी कार्यालयलाई आवश्यक प्रक्रिया अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १२** आर्थिक वर्ष २०८१/०८२ को नगर सभाको हिउँदे अधिवेशन ( नगर सभाको १६ औं अधिवेशन ) २०८१/१०/०४ गते आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं. १३** गैंडाकोट नगरपालिका वडा नं. ६ का दलित जेहेन्दार विद्यार्थी सागर वि.क. ले MBBS छनौट परिक्षामा उत्कृष्ट नतिजा प्राप्त गरेको तर आर्थिक अभावको कारण भर्ना समेत गर्न कठिनाई भएकाले सहयोग स्वरूप रु.१ लाख रुपैया आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १४** कोहिनुर कन्सट्रक्सन प्रा.लि. वानेश्वर, काठमाण्डौंबाट सडक कालोपत्रेका लागि प्रयोग हुने वातावरणमैत्री अस्फाल्ट मेसिन राख्ने प्रयोजनको लागि आवश्यक पर्ने जग्गा भाडामा प्राप्त गर्न माग भई आएकोमा नेपाल सरकारको नाममा दर्ता कायम भई गैंडाकोट नगरपालिकाको संरक्षणमा रहेको गैंडाकोट वडा नं.७ कित्ता नं. १ क्षेत्रफल ९०१४४९.६५ वर्ग मिटर मध्ये उत्तर पूर्व तर्फको २७०९० बर्ग मिटर (चार विगाह ४-००-००) जग्गा वार्षिक रु ६ लाख भाडा लिने गरी कोहिनुर कन्सट्रक्सन प्रा.लि. वानेश्वर, काठमाण्डौंलाई जग्गा भाडामा प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. १५** गैंडाकोट नगरपालिकामा सुचिकृत भएका कुल ३९० जना बेरोजगारीहरुको सूचीलाई प्राथमिकीकरण समेत गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६** गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ अनुसार भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गत ससर्त अनुदान मार्फत गैंडाकोट नगरपालिकामा तथ्यांक संकलनको कार्य आ. व. २०७९/८० मा सम्पन्न भैसकेको र उक्त तथ्यांक उपर उजुरीहरुमा गुनासो सुनुवाईका लागि राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहको कर्मचारी नियुक्ति गरी कार्य प्रक्रिया बढाउनु पर्ने भएकाले हाललाई तथ्यांक संकलन कार्यमा सुपरिवेक्षकको रुपमा संलग्न कर्मचारी श्री दिपा सुवेदी( हाल भुमि शाखामा कार्यरत) लाई ४ महिनाको लागी गुनासो सुन्ने अधिकारको जिम्मेवारी प्रदान गर्ने र निजको पारिश्रमिक आ.व. २०८१/०८२ को सशर्त अनुदानको चालु खर्च शिर्षक २६३३२ बाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.१७** मिति २०८१ मंसिर ४ गते गैंडाकोट नगरपालिकाको तर्फबाट श्रीमान् नगर मदन भक्त अधिकारीज्यू र चितवन मेडिकल कलेज (CMC) को भरतपुरको तर्फबाट अस्पताल निर्देशक प्रा. डा. दउराम लम्साल बीच भएको सम्झौतालाई अनुमोदन गर्दै सम्झौतामा उल्लेखित सेवा सुविधा प्राप्त गर्न आवश्यक व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. १८** बालअधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०८१ बमोजिम बालकल्याण अधिकारिको रुपमा शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत राम प्रसाद अधिकारीलाई जिम्मेवारी दिने तथा सोहि कार्यविधिको दफा ४ बमोजिम बालमैत्री स्थानीय शासन समिति देहाय बमोजिम रहने :

- प्रमुख, गैंडाकोट नगरपालिका – अध्यक्ष
- उप–प्रमुख, गैंडाकोट नगरपालिका – उपाध्यक्ष
- वडा अध्यक्ष (सबै वडा) – सदस्य
- नगर कार्यपालिका सदस्य (सबै) – सदस्य
- संगीता पण्डित, गैंडाकोट -०४ – सदस्य
- पुष्कल भट्टराई, गैंडाकोट -०५ – सदस्य
- टुल बहादुर आले, गैंडाकोट - १८ – सदस्य
- सुमित्रा पौडेल, शिक्षक लक्ष्मी मा.वि. – सदस्य
- कृतिका भट्टराई – सदस्य
- सरोज पोख्रेल – सदस्य
- संसार सापकोटा, गैंडाकोट ०८ – सदस्य
- इलाका प्रहरी कार्यालय प्रमुख – सदस्य
- प्रमुख प्रशासकिय अधिकृत, गैंडाकोट नगरपालिका –सदस्य सचिव

साथै सोहि कार्यविधिको दफा ७ को बाल संरक्षण समिति देहाय बमोजिम हुने:

- गैंडाकोट नगरपालिकाको उप–प्रमुख – संयोजक
- लिला अधिकारी, रत्न राज्य मा.वि. – सदस्य
- गंगा देवी पौडेल – सदस्य
- जगन्नाथ उपाध्याय, गैंडाकोट - ०१ – सदस्य
- विष्णु पन्थी – सदस्य
- संसार सापकोटा, गैंडाकोट - ०८ –सदस्य
- निशा पाटा मगर, गैंडाकोट - ०१ –सदस्य
- खेमकुमारी महतो, गैंडाकोट - १२ –सदस्य
- रोहिणी सदासंकर, गैंडाकोट - १३ –सदस्य
- गैंडाकोट नगरपालिका मा रहेको प्रहरी कार्यालयको प्रमुख – सदस्य
- सिता कुमारी लामिछाने, महिला तथा बालबालिका शाखा – सदस्य सचिव

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. १९** नगर कार्यपालिकाको कार्यालयबाट आ.व.२०८०/०८१ मा व्यवस्थापन भएका तपसिल बमोजिमका ठेक्काहरुको सम्बन्धित ठेकेदार कम्पनीहरुबाट प्राप्त निवेदन तथा निर्माणस्थलमा देखिएको कार्यप्रगति,निज कम्पनीहरुले पेश गरेको कारण र औचित्य समेतका आधारमा गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद् नियमावली २०७७ को नियम १२९ बमोजिम म्याद थप गर्ने निर्णय गरियो।

| सि.न. | योजनाको नाम | ठेक्का नं. | ठेक्का प्राप्त कर्ता कम्पनी र कार्य स्थलको नाम ठेगाना | सम्झौताबमोजिम अन्तिम म्याद | नयाँ कार्य सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| 1 | Construction and Upgrading of Gaindakot Ring Road, Gaindakot Municipality Ward no. 1-9, Nawalpur | 10/GM/NCB/2080-081 | Prabhu Kaushika Nirman Sewa pvt. Ltd | 15th Ashoj 2081 | 28th falgun 2081 |
| 2 | Upgrading (Blacktopping) of Different Roads at Gaindakot Municipality Ward no. 1, 4, 5, 6, 8, 9 and 17, Nawalpur (East) | 12/GM/NCB/2080-081 | Manakamana Contractor's and Builders Pvt. Ltd. | 16th Ashar 2081 | 28th Poush 2081 |
| 3 | Upgrading (Blacktopping) of Different Roads at Gaindakot Municipality Ward no.1, 4 and 6, Nawalpur | 13/GM/NCB/2080-081 | Indrashree Nirman Sewa pvt.ltd. | 16th Ashar 2081 | 28th Magh 2081 |

**निर्णय न. २०** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| १ | टेवा पर्खाल निर्माण (भिम.दःगुठी) क्र.सं.२६८ | रु.१,००,०००/- | शौचालय निर्माण | रु.१,००,०००/- |
| ५ | नगरपालिका देखि पश्चिम तर्फ बाटोमा पर्ने नगरको भवनको मर्मत | रु.१२,००,०००/- | गैंडाकोट स्वास्थ्य चौकीको वाल निर्माण एवं मोज्याक टायल लगाउने | रु.१२,००,०००/- |
| ५ | महिला लक्षित कार्यक्रम क्र.सं. ४२१ र रोजगारी तथा सिपमुलक तालिम क्र.सं. ४०९ | रु.३,००,०००/- | रोजगारी तथा सिपमुलक तालिम कार्यक्रम | रु.३,००,०००/- |
| ९ | आय फिर्ता वडा नं.९ पूर्वाधार विकास क्र.सं.६७ | रु.३०,००,०००/- | नवजागरण खेलमैदान प्याराफिट निर्माण (क्र.सं. ५०७ साविकको बजेटमा थप गरी उपभोक्ता समितिबाट कार्यान्वयन गराउने) | रु.५५,००,०००/- |
| १८ | हात्तीसाल खानेपानी मर्मत क्र.सं.७२५ | रु.३,००,०००/- | हात्तीसाल बेलथुम्कि मोटर बाटो मर्मत क्र.सं.७२९ | रु.४,००,०००/- |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner